का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ जेठ २०८०,
बिहीबार
25 May 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ११९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com


ललितपुरको जावलाखेलमा बुधबार बिहान रातो मछिन्द्रनाथको पूजा गर्दै भक्तजन । तस्वीरः चन्द्रकला क्षेत्री, रासस ।

फलफूल रोपौं,
आम्दानी बढाऔं

- एकपटक लगाएको फलफूलको विरुवाले बर्षौं आम्दानी दिन सक्छ,
- तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
- थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
- फलफूलको खेती गरौं, समृद्ध बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# उच्चपदस्थमाथि अनुसन्धान गर्ने बाटो खुला



कुनै पनि व्यक्तिको नाम लिएर अनुसन्धान गर्नू भनेका छैनौं । तर बयानको क्रममा आएका जति सबै व्यक्तिहरुमाथि थप अनुसन्धान गर्नू भनेका छौं ।

■ **अच्युतमणि न्यौपाने**
प्रमुख सरकारी वकिल

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका अभियुक्तहरूको बयानका क्रममा पोलेका थप व्यक्तिमाथि पनि अनुसन्धान गर्न सरकारी वकिल कार्यालयले प्रहरीलाई बाटो खुला गरिदिएको छ ।

सरकारी वकिलले बयानको क्रममा अभियुक्तहरूले पोलमा पारी खुलाएका व्यक्तिहरूको हकमा पनि अनुसन्धान गर्न भनेर जिल्ला प्रहरी परिसर काठमाडौंलाई निर्देशन दिएको हो ।

प्रमुख सरकारी वकिल एवं सहन्यायाधिवक्ता अच्युतमणि न्यौपाने भन्छन्, 'कुनै पनि व्यक्तिको नाम लिएर अनुसन्धान गर्नु भनेका छैनौं । तर बयानको क्रममा आएका जति सबै व्यक्तिहरूमाथि थप अनुसन्धान गर्नू भनेका छौं ।' प्रहरीको अनुसन्धानका क्रममा आरोपितले >>> पृष्ठ २ मा






प्रधानमन्त्रीले मुटु कमाउँदिनँ भन्नुभएको थियो, प्रधानमन्त्रीजी, अब म तपाईंको मुटु चेक गर्न चाहन्छु, कुन अस्पतालमा चेक गर्ने हो भन्नुस् । काम्दैन भनेको तपाईंको मुटु काम्यो कि भन्ने मलाई शंका लागेको छ ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा

## आरोपितको सम्पत्ति रोक्का

सरकारी वकिलले प्रतिवादीहरूको सम्पत्ति र राहदानी पनि रोक्का गरिराख्न भनेको छ ।

साथै, यस प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ललितपुरमा थप अनुसन्धानका लागि लेखेर पठाउनुपर्ने पनि उल्लेख गरेको छ ।

'अख्तियार र सम्पत्ति शुद्धीकरणलाई हामी पत्र लेख्छौं । अन्यको हकमा अनुसन्धान गर्न प्रहरीलाई भनेका छौं' प्रमुख सरकारी वकिल एवं सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले भने ।

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नक्कली भुटानी शरणार्थी प्रकरणमा नाम जोडिएका सरकारी अधिकारीहरूले निश्चित अवधिका लागि सम्बन्धित पद छोडेर अनुसन्धानमा सघाउनुपर्ने बताएका छन् ।

बुधवार संघीय संसद भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै भने, 'यो प्रकरणको पहरो प्रधानमन्त्रीसम्मै तानियो भने पनि पछाडि हट्नु हुँदैन । ज-जसका नामहरु आइराखेका छन्, सबभन्दा राम्रो कुरा के हुन्छ भने यदि उहाँहरूलाई >>> पृष्ठ २ मा

## ३० जनाविरुद्ध अभियोग दायर



यो प्रकरणको पहरो प्रधानमन्त्रीसम्मै तानियो भने पनि पछाडि हट्नु हुँदैन ।

■ **माधव सापकोटा**
सांसद, नेकपा माओवादी केन्द्र



अख्तियार प्रमुख प्रेम कुमार राईले स्वतन्त्र छानबिनको लागि पदबाट राजिनामा दिएर बाटो खुला गर्दा राम्रो हुन्छ ।

■ **मेटमणि चौधरी**
सांसद, एकीकृत समाजवादी

नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ ।

बुधबार अपरान्ह सरकारी वकिल कार्यालयले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने ठगी प्रकरणमा ३० जना प्रतिवादी विरुद्ध जिल्लसरकारी वकिल कार्यालयमा अभियोग पत्र दायर गरेको हो ।

उनीहरुविरुद्ध ठगी, सरकारी कागजात कीर्ते, राष्ट्रहित विरुद्धको कसूर र संगठित अपराध मुद्दामा कारवाही गर्न माग गरिएको सरकारी वकिल कार्यालयले जनाएको छ ।

यो प्रकरणमा एमाले नेता तथा प्रतिनिधिसभा सदस्य टोपबहादुर रायमाझी, कांग्रेस नेता >>> पृष्ठ २ मा

## आईजीपीमाथि प्रश्न



नक्कली शरणार्थी प्रकरणमा आरोपित भनिएकाहरुले प्रहरीसँगको बयानका क्रममा नाम लिएको भन्दै कतिपयले प्रहरी महानिरीक्षक आईजीपी वसन्तबहादुर कुँवरमाथि प्रश्न उठाएका छन् । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का सचिव एवं सांसद योगेशकुमार भट्टराईले बुधबार संघीय संसद भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रहरी महानिरीक्षक बसन्त कुँवरको पनि नाम जोडिएको उल्लेख गर्दै छानबिनमा सहयोग गर्न आग्रह गरे ।

नक्कली भुटानी शरणार्थी प्रकरणको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा ओभरटाइमको आशा नराख्नू : दूतावास

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ

मलेसियास्थित नेपाली दूतावासले मलेसियामा ओभरटाइमको आशा नराखी वैदेशिक रोजगारीमा आउन नेपाली कामदारलाई आग्रह गरेको छ। लामो समयसम्म सम्भावित ओभरटाइमलाई समावेश गरेर मागपत्र प्रमाणीकरण गर्ने गरेको नेपाली दूतावासले ओभरटाइमको अवसर नरहेको बताएको छ ।

नेपाली दूतावासले छिटफुट कम्पनीले मात्रै ओभरटाइम दिने गरेको बताएको छ । मलेसियाको अर्थतन्त्र शिथिल भएका कारणले ओभरटाइमको सम्भावना लगभग शून्यको अवस्थामा झरेको दूतावासले साप्ताहिक फेसबुक कार्यक्रममा जनाएको छ। मलेसिया सरकारले स्वदेशी तथा विदेशी कामदारलाई दैनिक ८ घण्टाको दरले मासिक १५ सय रिँगेट तलब दिने गरेको छ ।

विगतमा दूतावासले अनुमानित ओभरटाइमलाई पनि अधिकारकै रूपमा लिएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले दूतावासको मान्यताले कामदारमा भ्रम सिर्जना गरेको भन्दै त्यस्तो अभ्यास स्थगन गर्न माग गरेको थियो । मलेसियामा सेक्युरिटी गार्डको रोजगारीमा जाने कामदारको हकमा ओभरटाइम उल्लेख गर्नु स्वभाविक मानिए पनि अन्य कामदार हरूले कम्पनीको अवस्था र मलेसियाको श्रम कानूनअनुसार मात्रै ओभरटाइम पाउने विषयमा संघले दूतावासलाई ध्यानाकर्षण गराएको थियो ।

मलेसियामा नयाँ कामदारको एप्रुभल खुला हुने विषयमा पनि प्रगति नभएको बताइएको छ। मलेसियामा प्रमुख राजनीतिक शक्तिहरू सत्ताको दाउपेचमा लागेकाले राष्ट्रिय तथा बहुराष्ट्रिय लगानीकर्तामा अन्योल सिर्जना भएको कतिपयको विश्लेषण छ ।

### ओमानस्थित नेपाली दूतावासले जेठ १८ देखि पुनः श्रम स्वीकृति दिने

**काठमाडौं/मस–** ओमानस्थित नेपाली दूतावासले जेठ १८ गतेदेखि पुनः श्रम स्वीकृति दिने भएको छ । आगामी जुन १ तारिकदेखि दैनिक १५ जनालाई पुनः श्रम स्वीकृति प्रदान गर्ने भन्दै दूतावासले पुनः श्रम स्वीकृति लिनका लागि शुरूमा अनलाइन आवेदन गर्न सुझाव दिएको छ ।

दूतावासले प्रक्रिया पुऱ्याएका निवेदनमा श्रम स्वीकृतिको निस्सा पनि अनलाइनमार्फत प्राप्त गर्न सकिने दूतावासले जनाएको छ ।

## सांसदलाई ल्यापटप बाँड्ने निर्णयबाट पछि हट्यो कोशी प्रदेश

सांसदहरूले ल्यापटप नलिने घोषणा गरेका कारण पनि दबाब सिर्जना भएको थियो । सांसदहरुले नै नलिने घोषणा गरेपछि संसद् सचिवालयले ल्यापटप खरिदका लागि आह्वान भएको टेन्डर प्रक्रिया रद्द गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

सांसदलाई ल्यापटप बाँड्ने निर्णयबाट कोशी प्रदेश पछि हटेको छ । कोशी प्रदेशका प्रदेशसभाले सदस्यहरुलाई ल्यापटप वितरण गर्ने निर्णय गरेको थियो । चौतर्फी विरोध भएपछि प्रदेश सभा सचिवालय आफ्नोकक निर्णयबाट पछि हटेको हो ।

आर्थिक मामिला तथा योजना मन्त्रालय समेत आफैंसँग राखेका मुख्यमन्त्री हिकमतकुमार कार्कीले डेढ करोड रुपैयाँ रकमान्तर गरेर ल्यापटप खरिद गर्नका लागि संसद् सचिवालयलाई बजेट दिएका थिए । ९३ सांसद र ७ वटा संसदीय समितिका सचिवलाई ल्यापटप वितरण गर्ने गरी खरिद प्रक्रिया सचिवालयले अगाडि बढाएको थियो ।

संसद् सचिवालयका सूचना अधिकारी निरोज ढकालले सांसदहरूले ल्यापटप नलिने घोषणा गरेका कारण पनि दवाब सिर्जना भएको थियो सांसदहरुले नै नलिने घोषणा गरेपछि संसद् सचिवालयले ल्यापटप खरि्दका लागि आह्वान भएको टेन्डर प्रक्रिया रद्द गरेको छ।

खासगरी नेकपा एमाले र नेपाली कांग्रेसका सांसदले ल्यापटप नलिने घोषणा गरेका थिए । दुई वटै दलले संसदीय दलको बैठक बसेर सांसदका लागि ल्यापटप खरिद गर्ने बजेट अन्यत्र खर्च गर्न आग्रह गर्दै ल्यापटप नलिने घोषणा गरेका थिए ।

नेकपा एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले ल्यापटप खरिद प्रक्रिया रोक्नका लागि प्रदेशसभा सचिवालयलाई पनि पत्राचार गरेको जानकारी दिए । भण्डारीले ल्यापटप खरिद प्रक्रिया रोक्नका लागि संसद सचिवालयलाई पत्राचार गर्ने निर्णय भए अनुसार नै पत्राचार भएको बताए ।

'अहिले पूर्वाधार विकास र जनसेवाको क्षेत्रमा बजेट अभाव भइरहेको बेला अहिले यो (ल्यापटप) चाहिँदैन भन्ने निर्णय गरेका थियौं, उनले भने, 'हामी सबैसँग हातमा एन्ड्रोइड मोबाइल छन्, हाम्रा पीएसँग पनि छन्, न्यूनतम काम हामी त्यसबाट गर्न सक्छौं ।' सांसदले ल्यापटप नमागेको >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ जेठ २०८०, बिहीबार
25 May 2023, Thursday

# स्वास्थ्य विज्ञान संस्थानलाई 'सेन्टर फर एक्सिलेन्स' बनाउनुपर्छ : प्रधानसेनापति



**काठमाडौं/मस**– प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रका लागि आवश्यक चिकित्सक उत्पादन गर्न नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन् ।

नेपाली सेनाको कल्याणकारी कोषले सञ्चालनमा ल्याएको संस्थानको ११ औं वार्षिकोत्सव समारोहलाई बुधबार सम्बोधन गर्दै उनले सबल, सक्षम र योग्य स्वास्थ्यकर्मीको माग पूरा गर्न संस्थानको ठूलो योगदान रहेको बताए । उनले भने,'नेपाल राष्ट्रका लागि अत्यन्त आवश्यक चिकित्सा जनशक्ति उत्पादन गरी समग्र देश र नेपाली सेनाका लागिसमेत व्यावसायिक दक्षता हासिल गरेका सबल, सक्षम र योग्य स्वास्थकर्मी प्रवाह गर्न यस संस्थाले ठूलो योगदान पुऱ्याएको छ', उनले भने ।

प्रधानसेनापति शर्माले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र त्रिभुवन विश्वविद्यालयको शिक्षा ऐनको परिधिभित्र रही संस्थानले विभिन्न शैक्षिक कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्दै आएको बताए । उनले चिकित्साशास्त्रसम्बन्धी नियामक निकाय चिकित्सा शिक्षा आयोगबाट प्राप्त सहयोगका लागि आभार प्रकट गरे । उनले भने, 'दक्ष जनशक्ति सुविधा सम्पन्न पूर्वाधार निर्माण गरेर संस्थानलाई 'सेन्टर फर एक्सिलेन्स' बनाउनुपर्छ ।'

उनले राष्ट्रको स्वास्थ्य जनशक्तिको आवश्यकता परिपूर्ति गर्ने कार्यमा यस संस्थानले सधैँ नै उच्चरुपको मान्यता राखन र सोही अनुसारका योग्य चिकित्सक उत्पादन गर्न शुभकामना दिए । उनले आवश्यकताको परिपूर्तिका लागि विभिन्न प्रकारका स्रोतको उपलब्धता सुनिश्चितता गर्नेतर्फ आफूले पहल गरिरहेको बताए ।

संस्थानलाई अब्बल बनाउन सिफारिस गरिएका सुझावलाई आफूले स्वीकार गरी संस्थानलाई राम्रो बनाउनका लागि थप बजेट तथा लगानी गर्ने गरेको उनको भनाइ छ । प्रधानसेनापति शर्माले संस्थाको गरिमा र गुणस्तरलाई कायम राख्न सबैको ध्यानाकर्षण गराए । उनले सूचना प्रविधिमा पोख्त हुँदै आफ्नो दक्षता प्रदर्शन गर्न विद्यार्थीहरुलाई आग्रह गरे ।

राष्ट्रिय चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा श्रीकृष्ण गिरीले संस्थान छोटो अवधिमा विद्यार्थीको पहिलो रोजाइ बन्न सफल भएको र प्रतिस्पर्धामा उच्च स्तरको रहेको बताए ।

त्रिभुवन विश्वविद्यालय, चिकित्सा शिक्षा अध्ययन संस्थानका डिन प्रा.डा दिव्यासिंह शाहले संस्थान छोटो समयमा उत्कृष्ट प्रतिष्ठानका रुपमा स्थापित भएको बताइन् । उनले स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको माग पूरा गर्न संस्थान सफल हुने विश्वास व्यक्त गरिन् ।

संस्थानका कार्यकारी निर्देशक नगेन्द्रबहादुर केसीले स्थापनाकालदेखि हालसम्म एक हजार ८२ विद्यार्थीले चिकित्सासम्बन्धी उच्च शिक्षा लिएको बताए ।

उनले हाल संस्थानमा एक हजार एक सय नौ विद्यार्थी अध्ययनरत रहेको जनाए ।

सो अवसरमा प्रधानसेनापति शर्माले खेलकुद सप्ताह-२०७९ मा विजेता खेलाडीलाई शिल्ड र मेडल प्रदान गरेका थिए । कार्यक्रममा प्रधानसेनापति शर्माले वार्षिक मुखपत्रको विमोचन गरेका थिए ।

बागमती प्रदेश सभा बैठक

# विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथि छलफल

**मकवानपुर/मस**–बागमती प्रदेशसभाको बुधबार अपराह्न बसेको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा(करको प्रस्ताव बाहेक) विषयमा छलफल प्रारम्भ भएको छ । छलफलमा सत्तापक्षका प्रदेशसभाको सदस्यहरूले प्रदेशको १३ वटै जिल्लालाई समेटिने गरी कृषि उत्पादन, फलफूल, मौसमी तरकारी खेतीलाई आत्मनिर्भर तुल्याउन दीर्घकालीन गुरुयोजना तर्जुमा गर्नुपर्ने सुझाव दिएका थिए ।

उनीहरूले कृषकलाई बीउबिजन र मल खाद्य उपलब्ध गराउन सम्बन्धित मन्त्रालयले पहलकदमी लिनुपर्ने धारणा व्यक्त गरे । विनियोजित विधेयकको सिद्धान्तलाई केवल प्रचारमुखी मात्र नगरी जनताको जीवनस्तरलाई माथि उठाउन सक्ने खालका पूर्वाधार विकास, गुणस्तरीय स्वास्थ्योपचार र मेडिकल शिक्षालाई बढुवा दिई व्यवहारिकरुपमा कार्यान्वयन गर्नेगरी उच्च प्राथमिकतामा राख्नुपर्ने उनीहरूको सुझाव थियो ।

बैठकमा बोल्ने सदस्यहरूले प्रदेश सरकारले प्रदेशमा सुशासन ल्याउन जनतालाई सरकारप्रति भरोसा दिलाउने गरी व्यवहारिक पक्षलाई जोड दिनुपर्ने बताएका थिए । उनीहरूले कृषि उत्पादनलाई बढुवा दिने, मझौला सानो रुग्न उद्योगलाई पनि सञ्चालनमा ल्याउने र प्रत्यक्ष रोजगारीको अवसर दिलाउने किसिमका आयोजना प्रस्ताव गर्नुपर्ने बताएका थिए ।

ग्रामीण बस्तीमा विद्युतीकरण, खानेपानी, कृषि सडक, स्वास्थ्यचौकीको निर्माण गर्न र शैक्षिक गुणस्तरीय दक्ष जनशक्ति उपलब्ध गराउन पनि पाठ्यसामग्री वितरण गर्न पनि बजेटको प्राथमिकतामा पर्नुपर्नेमा सदस्यहरूको जोड थियो ।

भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान ऐन कानुनलाई परिमार्जन गरी अगाडि बढाउनुपर्ने र जुनसुकै दलको नेतृत्वले भ्रष्टाचार एवं त्यस्ताखाले क्रियाकलामा संलग्न भएको थाहा पाएमा सरकारले कानूनी कारबाहीको दायरामा ल्याउनुपर्ने उनीहरूको माग थियो ।

यसैगरी प्रतिपक्ष दलका प्रदेशसभा सदस्यहरूले प्रदेश सरकारले अघिल्लो वर्षझैं यस वर्ष पनि विनियोजन विधेयक सैद्धान्तिक र प्राथमिकतामा हुबहु शब्दावली राख्नु न्यायोचित नभएको टिप्पणी गरेका थिए । उनीहरूले जनतालाई मौसमी खेतीको लागि अत्यन्तै आवश्यक पर्ने मल खाद्य, बीउको समयमै किसानलाई उपलब्ध गराउनेतर्फ बजेटले प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरे ।

प्रदेशको १३ वटै जिल्लामा कृषि उत्पादन हुने धेरै जग्गा बाँझो रहेको तर सरकारले ती किसानको मर्म र समस्या बुझ्न नसक्दा वर्तमान अवस्थामा कृषि उत्पादन र फलफूल उत्पादनमा ह्रास आएको भन्दै उनीहरूले बाह्य मुलुकबाट खाद्यान्न (चामल, तरकारी, फलफूल) आयात गर्नुपर्ने कारणसहित विधेयक बनाउन सुझाव दिए ।

बजेटमा जेसुकै लेखिएको भए पनि अहिले सर्वसाधारण नागरिकले सम्बन्धित कार्यालयबाट सेवा सुविधा पाउनुबाट निकै कठिनाइ भोग्नुपरेको उल्लेख गर्दै उनीहरूले प्रदेश सरकारले ती विपन्न नागरिक, कृषकलाई भरोसा दिलाउने कार्यक्रम ल्याउन र उनीहरूलाई स्वास्थ्य उपचारको लागि दक्ष चिकित्सक अस्पतालमा गुणस्तरीय सेवा पुर्याउनेतर्फ पनि नीतिगत कार्यक्रममा समावेश गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

यसैगरी उनीहरूले प्रदेशको विभिन्न जिल्लामा रहेका सुकुम्बासी र अवस्थित बसोबासीलाई स्थायी बसोबासको लागि जग्गा धनीको पुर्जा, रोजगारीको अवसर र विपन्न कृषकलाई अनुदानमा पशुपालन, कृषि उत्पादनको लागि ऋण उपलब्ध गराउन पनि सरकारले छुट्टै कार्यक्रम ल्याउन आग्रह गरेका थिए । प्रदेशको १३ जिल्लाको एक सय १९ वटै स्थानीय निकायलाई अझ प्रभावकारी ढंगबाट परिचालन गरी सर्वसाधारणलाई सेवा सुविधा सहज ढंगबाट उपलब्ध गराउने र उनीहरुलाई प्रदेश सरकार र स्थानीय निकाय हाम्रै हो भन्ने खालको बजेट ल्याउन अग्रसर हुनुपर्नेमा प्रदेशसभा सदस्यको जोड थियो ।

विनियोजित विधेयकको सैद्धान्तिक पक्षमा प्रदेशसभा सदस्य तारानाथ श्रेष्ठ, मायादेवी शर्मा, आनन्द मोहन श्रेष्ठ, कुमारी तामाङ, डा.दिनेशचन्द्र देवकोटा, भरतबहादुर केसी, रामप्रसाद ढुंगानाले छलफलमा सहभागी भइ सुझाव प्रस्तुत गरेका थिए । बुधबार बसेको प्रदेशसभाको पहिलो बैठकमा सभामुख भुवनकुमार पाठकले संसद्को मौजुदा कार्यव्यवस्था परामर्श समितिको सदस्यमा हेरफेर गर्नु भई तीन जना सदस्य थप मनोनित गरेका थिए ।

# 'तथ्य र प्रमाणका आधारमा न्याय दिनुपर्छ'



**काठमाडौं/मस**– कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायका उपभोक्तालाई तथ्य र प्रमाणका आधारमा न्याय दिनुपर्ने बताएका छन् ।

'न्याय : अवधारणा एक परिप्रेक्ष्य अनेक' पुस्तकको बुधबार सार्वजनिक गर्दै उनले तथ्य र प्रमाणका आधारमा नै न्याय दिनुपर्ने बताए । पुस्तक निकै पठनीय र संग्रहणीय भएको उल्लेख गर्दै उनले सबैलाई उपयोगी हुने उक्त पुस्तक पढ्न आग्रहसमेत गरे ।

'पूर्वीय दर्शनबारे हामीलाई नै थाहा छैन, पश्चिमाले पूर्वीय दर्शनकै विषयमा लेखेका पुस्तक किन्छौं', कामु प्रन्या कार्कीले भने, 'न्यायको पूर्वीय दर्शनको हामीले नै सोध गर्नु जरुरी छ ।' महान्यायाधिवक्ता डा.दिनमणि पोखरेलले तर्क र प्रमाणबाट न्याय कसरी दिलाउन सकिन्छ भनेर पुस्तकमा स्पष्ट लेखिएको बताए । उनले पूर्वीय दर्शनमा न्याय भनेको अनुभूति भएको बताए ।

पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता डा. युवराज संग्रौलाले समाज र न्यायको उत्थान गर्ने हो भने अनुसन्धान गर्नुपर्ने र पश्चिमी प्रयोग छाड्पर्ने बताए । वरिष्ठ अधिवक्ता लक्ष्मीप्रसाद मैनालीले न्याय दर्शनको विषयमा लेखिएको पुस्तक अत्यन्तै कम भएको र यो पुस्तक न्याय क्षेत्रकै लागि उपयोगी भएको बताए ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले पुस्तक न्यायको विकास कसरी शुरुवात भयो भन्ने कुरा उल्लेख भएको र दशर्नमा आधारित पुस्तक भएकाले महत्वपूर्ण रहेको बताए ।

पुस्तकका लेखक अधिवक्ता रवीन्द्र भट्टराईले पुस्तक बुद्ध दर्शनबाट प्रभावित भएर लेखिएको र सबैले पढ्दा राम्रो हुने विश्वास व्यक्त गरे । पुस्तकमा पौरस्त्य न्याय प्रणालीलाई एउटा मौलिक प्रणालीका रुपमा शोधमूलक गर्ने प्रयास भएको जनाइएको छ ।

## उच्चपदस्थमाथि...

अख्तियार प्रमुख आयुक्त प्रेमकुमार राई, पूर्वगृहमन्त्री रामबहादुर थापा, उनकी पत्नी नैनकला थापा, पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, पूर्वप्रदेश सांसद अजयक्रान्ति शाक्यको नाम आरोपितहरुले लिएका छन् । काठमाडौं महानगरपालिकाका पूर्व मेयर विद्यासुन्दर शाक्यका निजी सचिव राजेश्वर स्थापित लगायतको नाम बयानको क्रममा आएका छन् । उनीहरुलाई एकपटक पनि बयानका लागि नबोलाउँदा अविश्वासको वातावरण सिर्जना भएको उनले बताए ।

प्रधानमन्त्रीले मुटु कमाउँदिनँ भने पनि त्यस्तो नदेखिएको भन्दै उनले भने, 'प्रधानमन्त्रीजी, अब म तपाईंको मुटु चेक गर्न चाहन्छु, कुन अस्पतालमा चेक गर्ने हो भन्नुस् । काम्दैन भनेको तपाईंको मुटु काम्यो कि भन्ने मलाई शंका लागेको छ ।' हामी त प्रधानमन्त्रीलाई के सुझाव दिइराखेका छौं भने, यो भ्रष्टाचारको विषय छानबिन गर्दै जाँदा सरकार ढलेछ भने पनि त्यसका लागि तयार हुनुपर्छ ।'

नेकपा एकिकृत समाजवादीका सांसद मेटमणि चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख प्रेमकुमार राईको राजीनामा माग गरेका छन् ।

'भुटानी शरणार्थी मुद्दामा मुछिएका अवस्थामा स्वतन्त्र छानबिनको लागि पदबाट राजिनामा दिएर बाटो खुल्ला गर्दा राम्रो हुने थियो' चौधरीले भनेका छन्, 'उच्च पदमा पुगेको व्यक्तित्वहरुले नैतिकता देखाउनु जरुरी छ ।'

## ३० जनाविरुद्ध ...

बालकृष्ण खाँण, पूर्वसभासद आङटावा शेर्पा, गृह मन्त्रालयका तत्कालिन सचिव टेकनारायण पाण्डे, तत्कालिन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईलगायत ३० जनाविरुद्ध मुद्दा दर्ता गरिएको हो । मुद्दा दर्ता गरिएकामध्ये १६ जना पक्राउ परेका छन् भने १४ जना फरार छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपाका सभापति रवि लामिछानेले भुटानी शरणार्थी प्रकरणमा मुछिएका सबैसँग बयान लिनुपर्ने बताएका छन् ।

सरकारको नीति तथा कार्यक्रममाथि बुधबार भएको छलफलमा भाग लिँदै रास्वपा सभापति लामिछानेले तीन पार्टी बसेर खासखुस गरेको गन्ध संसदसम्म आएको बताए । त्यसलाई रोक्नुपर्ने भन्दै उनले भने, 'कसैको नाम आएपछि हिलो लाग्छ भनेर रेड कार्पेट ओछ्याइदिनुस्, तर प्रहरी कार्यालयमा लगेर बयान लिनुपर्छ ।'

यो प्रकरणमा जस्ता-जस्ता मान्छेको नाम क्रमशः आउँदैछ, विवादमा मात्रै पारिएको भन्ने उहाँहरूको तर्क हो भने नैतिकताका हिसाबले प्रहरीमा आफैं गएर आफैंले बयान दिने, होइन भने नैतिकताको शिक्षा पनि हुन्छ नि !'

उनले थप भनेका छन्, 'ज-जसका बारेमा प्रश्नहरु उठेका छन् प्रहरीले उहाँहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्नुपर्यो या त उहाँहरु आफैं प्रहरीको सम्पर्कमा जानुपर्यो । त्यो नै सबभन्दा राम्रो हो । जो-जो बहालवाला पदमा हुनुहुन्छ, उहाँहरूले त झन निश्चित अवधिका लागि त्यो पदीय जिम्मेवारी छोडेर अनुसन्धान गर्नुहोस् भनेर मार्गप्रशस्त गर्नु सबभन्दा धेरै नैतिक पाठ हुन्छ जस्तो लाग्छ । सरकारले दबाब लिनु हुँदैन यसमा ।

## आईजीपीमाथि...

छानबिनका लागि सहयोग गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको पनि बताएका छन् । सचिव भट्टराईले सो प्रकरणको छानबिनलाई निष्पक्ष, पारदर्शी स्वतन्त्र ढंगले अघि बढाउन नेपाल सरकारलाई पनि ध्यानाकर्षण गराए ।

## आरोपितको ...

(continued above)

## सांसदलाई ...

उनले बताए । 'हामीले मागेको पनि थिएनौं, हामीलाई थाहा पनि थिएन ।'

यसअघि नेपाली कांग्रेसले प्रदेशसभालाई ल्यापटप खरिद प्रक्रिया रोक्न आग्रह गरेको थियो । प्रदेशसभा सचिवालयले ल्यापटप खरिद गरे ल्यापटप नलिने कांग्रेस संसदीय दलको बैठकले निर्णय गरेको थियो । माओवादी केन्द्रले पनि प्रदेशसभा सचिवालयले बाँड्ने ल्यापटप नलिने बताएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले रकमान्तर गरेर एक करोड ५० लाख रुपैयाँ बजेट उपलब्ध गराएपछि प्रदेशसभा सचिवालयले एकसाता अघि एक सय वटा ल्यापटप खरिदका लागि बोलपत्र आह्वान गरेको थियो । चौतर्फी विरोध भएपछि निर्णयबाट प्रदेशसभा सचिवालय पछाडि हटेको हो ।


**Dilasaini Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Dilasaini, Baitadi**

**Sudur Pashchim Province, Nepal**

**Invitation for sealed quotation**

**Procurement of Supply and Delivery of sanitary pad**

**TENDER NOTICE NO. : 09-079/080**

**FIRST DATE OF PUBLICATION : 2080-02-11 BS (5-25-2023 AD)**

1 **Rural Municipality** has allocated funds towards the cost of supply and deliver of goods mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders/ suppliers.

2 **Dilasaini Rural Municipality, Office of Muncipal Executive** invites electronic bids from eligible bidders for supply and deliver of goods under Sealed qoutation procedure. Only eligible suppliers as per clause 42(2) of PPR 2064 should participate in this bidding.

| S N | Contract No | Description of Works | Estimated Amount | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/SQ/ Goods/02-079/080 | Procurement of supply and delivery of sanitary pad minimum size (240+/- 20 mm, length, and 60 to 75 mm width , thickness 15 mm +/- 2 mm ) Is / Ns specified , pakaging size must be 8 pads per packet .and all as per specification and as per sanitaary pad bitaran tatha byabsthapan karyabidi 2076 anusuchi -1 (detailed Specification is attached with bid document and Dilasaini website) | 1988348.00 | 55000.00 | 1000.00 |

3 Eligible Bidders/suppliers may obtain further information at the office of **Dilasaini Rural Municipality, (email:-drmbaitadi@gmail.com)**, Dilasaini Baitadi, Sudur Pashchim.

4 A complete set of Bidding Documents may be purchased from e-GP system www.bolpatra.gov.np/egp for contract No **DRM/BTD/SQ/Goods/02-079/080**

5 Submission of bid to e-GP system www.bolpatra.gov.np/egp . Bid received after this dead line will be rejected.

6 The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM on 16'th day from the date of Invitation for Bid Notice Published at the office of **Dilasaini Rural Municipality, Dilasaini Baitadi.** Bid must be valid for a period 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 55000.00 , which shall be valid for 30 days beyond the validity period of the bid.If bidders wish to submit Bid Security in the form of cash, the cash should be deposited in

Name of the Bank : **Kumari Bank Limited,Dilasaini Baitadi**
Name of Office : **Dilasaini Rural Muncipality**
Office Account No : **0880034242400008**

7 If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

8 Sanitary pad must meet the quality as specified in the bid ducument. Or as per " sanitary pad bitaran tatha byabsthpan karyabidi 2076,Anusuchi 1 "

9 Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 with latest amendment. The employer reserves the right to amend and correct at any time, in case of any discrepancies or error in bidding document, tender notice or any other document.

10 **Dilasaini Rural Municipality, Baitadi** reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**(Chief Administrative Officer)**

# नवनियुक्त मन्त्रीले लिए शपथ



**काठमाडौं/मस**–नवनियुक्त वन तथा वातावरण मन्त्री वीरेन्द्रकुमार महतो र शिक्षा विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

बुधबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्री महतोलाई शपथ ग्रहण गराए भने राज्यमन्त्री कुमारीलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शपथ ग्रहण गराए ।

प्रधानमन्त्री प्रचण्डको सिफारिसमा मंगलबार राष्ट्रपति पौडेलले जनता समाजवादी पार्टी (जसपा)का महतोलाई वन मन्त्री र कुमारीलाई राज्यमन्त्री नियुक्त गरेका थिए ।

**काठको आयात रोकी निर्यात गर्न सकिन्छ : मन्त्री महतो**

वन तथा वातावरण मन्त्री डा.वीरेन्द्रप्रसाद महतोले वन तथा वातावरण मन्त्रालय ठूलो सम्भावना भएको मन्त्रालय रहेकाले यस अन्तर्गतका स्रोतसाधनको परिचालन गरी मुलुकको आर्थिक समृद्धि र रोजगारीमा योगदान दिन सकिने बताएका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली गर्दै उनले अहिले जंगलमा कुहिएर रहेका काठको उपयोग गरी विदेशी काठ आयात रोक्न र निर्यातको समेत सम्भावना रहेको उल्लेख गरे ।

उनले भने, 'यसमा देखिएका कानुनी जटिलतालाई सहजीकरण गर्न मन्त्रालय तयार छ, जडीबुटीको पनि मुलुकमा ठूलो सम्भावना छ। त्यसको परिचालन र उपयोग गरी रोजगारी र विदेशी मुद्रा आर्जन गर्न सकिन्छ, त्यसतर्फ काम गर्नुपर्छ।' नेपालको जलविद्युत् परियोजनाको क्षेत्रमा देखिएका वातावरणीय जटिलतालाई सहजीकरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै मन्त्री महतोले वातावरणीय भविष्यलाई पनि ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । उनलाई मन्त्रालयमा सचिव डा.रेवतीरमण पौडेल र मन्त्रालयका कर्मचारीले स्वागत अभिवादन गरेका थिए । जनता समाजवादी पार्टी नेपालका तर्फबाट उनी मन्त्रिमण्डमा सामेल भएका थिए ।

# भोटो देखाउने जात्रा मनाइँदै



**काठमाडौं/मस**– काठमाडौंमा बिहीबार भोटो देखाउने जात्रा मनाइँदैछ । भोटो देखाउने समारोहमा राष्ट्रपति सहभागी हुने प्रचलन रहेको छ ।

यस्तै सरकारले रातो मत्स्येन्द्रनाथको भोटो देखाउने जात्राका अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयले सूचना प्रकाशन गरी भोटो देखाउने जात्राका अवसरमा बिहीबार काठमाडौं, ललितपुर र भक्तपुरमा सार्वजनिक बिदा दिइएको जानकारी दिएको हो। ललितपुरमा हरेक वर्ष हुने यस जात्राका क्रममा बिहीबार ललितपुरको जावलाखेलमा रातो मत्स्येन्द्रनाथको भोटो देखाइने छ।

# 'लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति छैन'



**काठमाडौं/मस**– सरकारले लोककल्याणकारी विज्ञापन नरोकिने स्पष्ट पारेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका सञ्चारविज्ञ नरेन्द्र केसीका अनुसार लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति नरहेको र नरोकिने प्रतिबद्धता यसअघि नै मन्त्री शर्माले स्पष्ट पारिसकेकी छिन् ।

नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले बुझाएको ज्ञापनपत्र बुझ्दै विज्ञापन नरोक्ने र नरोकिने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

चालु आर्थिक वर्षको विनियोजन भएको बजेट अपुग भए थप रकमको प्रबन्ध गरिने मन्त्री शर्माले प्रतिबद्धता व्यक्त गरेकी छिन् । आगामी दिनमा लोककल्याण्कारी विज्ञापन वितरण कार्यक्रम निरन्तर हुने मन्त्री शर्माले स्पष्ट गरिसकेको सञ्चारविज्ञ केसीले जानकारी दिए ।

# औषधि जनतासम्म पुऱ्याउन मुख्यमन्त्री पाण्डेको निर्देशन



**गण्डकी/मस**– गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले औषधि र स्वास्थ्य उपकरण स्वास्थ्य संस्थामार्फत जनतासम्म पुऱ्याउन निर्देशन दिएका छन् । गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयअन्तर्गतको औषधि तथा स्वास्थ्य उपकरण भण्डारण कक्षको बुधबार निरीक्षण गर्दै उनले स्वास्थ्य जनताको जीवनसँग जोडिएको संवेदनशील क्षेत्र उल्लेख गर्दै औषधि थन्काएर राख्ने नभई सक्दो जनता कहाँ पुऱ्याउनुपर्ने बताए ।

मंगलबार पोखरामा आयोजित एक कार्यक्रममा प्रदेशका विभिन्न पालिकाका जनप्रतिनिधिले औषधि, स्वास्थ्य उपकरण स्टोरमा हुँदाहुँदै प्रदेश सरकारले नदिएको गुनासो गरेका थिए। उक्त गुनासोसँगै बुधबार उनी भण्डारण कक्षको निरीक्षण गर्दै त्यहाँका कर्मचारीसँग औषधि थन्काएर राखेको, स्थानीय तहमा नपठाएको हो ? भन्ने प्रश्न गरे ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोदबिन्दु शर्माले स्वास्थ्यको प्रोटोकलअनुसार १० प्रतिशत औषधि इमर्जेन्सीका लागि स्टक राख्नुपर्ने नियम रहेकाले सोहीअनुसार मात्रै स्टोरमा औषधि रहेको जानकारी गराए। सबै प्रकारका औषधि अझै १० प्रतिशत अपुग रहेको भन्दै उनले भएका औषधि जिल्ला अस्पताल र प्रदेश मातहतका स्वास्थ्य संस्थालाई पुऱ्याउन नसकेको बताए। इमर्जेन्सीका लागि बाहेक औषधि स्टक नरहेको उनले जानकारी गराए। मुख्यमन्त्री पाण्डेले औषधि १० प्रतिशत राख्नुपर्ने नियम भए पनि स्वास्थ्य उपकरण भने सक्दो धेरै प्रयोगका लागि पठाउन सुझाव दिए। प्रदेशका ११ जिल्लाका कम्तीमा एक/एक पालिकाका प्रमुखलाई बोलाएर स्वास्थ्य प्रोटोकल र नियमबारे पनि थाहा दिनुपर्ने उनले बताए ।

'हामी र स्थानीय तहबीच कम्युनिकेशन नहुँदा पनि केही समस्या भएको छ, उहाँहरूलाई प्रदेशमा औषधि छ हामीले पाएनौँ भन्ने परेको हुन सक्छ।' मन्त्रालयका सचिवलाई निर्देशन दिँदै उनले भने,'योबारेमा तत्काल स्थानीय तहका प्रमुखलाई पनि जानकारी गराउनुहोला ।' आफूलाई गरेको ब्रिफिङ र फिल्डमा फरक नहुने गरी काम गर्न मन्त्रालयका कर्मचारीलाई उनले निर्देशन दिए । स्वास्थ्यका विषयमा प्रदेश सरकार संवेदनशील रहेको उल्लेख गर्दै उनले अहिलेको स्थितिभन्दा आगामी वर्ष स्वास्थ्य क्षेत्रमा सुधार गर्ने जानकारी गराए । 'हामीसँग साधन स्रोत सीमित छ, आवश्यकतालाई कसरी व्यवस्थित गर्ने भन्ने योजनामा हामी छौँ', उनले भने ।

# अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार

**काठमाडौं/मस**– सामाजिक सञ्जालको अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार गरेको अभियोगमा कास्कीको पोखरा महानगरपालिका-१९ पुरनचौर बस्ने २१ वर्षीय मनिष भुजेललाई प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ ।

भुजेलले सामाजिक सञ्जाल इस्न्याप च्याट एवम् भाइबरमार्फत पीडित नाबालिकासँग कुराकानीकै क्रममा विभिन्न प्रलोभन देखाई, फकाईफुल्याई अश्लील कुराकानी तथा भिडियो च्याट गरेर सो कार्यको स्क्रिन रेकर्ड गरेको, पीडितले त्यस्ता अवाञ्छित हर्कत गर्न नमानेपछि धम्कीपूर्ण म्यासेज पठाउनाका साथै पीडितकी आमालाई समेत विभिन्न अनर्गल कुराकानी गरी म्यासेज पठाएको आरोपमा प्रहरीले निजलाई पक्राउ गरेको हो ।

उक्त कार्यबाट पीडित नाबालिकालाई अनावश्यक मानसिक तनाव, दुःख, हैरानी र बेइज्जत गर्नाका साथै चरित्रहत्या गरेको उजुरीका आधारमा भुजेललाई जिल्ला प्रहरी कार्यालय कास्कीको सहयोगमा पोखराबाट पक्राउ गरी जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोले जनाएको छ ।

# सूचना चुहावट भएको भन्दै बजार अनुगमन बहिष्कार

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १० जेठ

सरकारी कार्यालयबाट सूचना चुहावट भएको भन्दै हुम्लाका पत्रकारहरुले बजार अनुगमन बहिष्कार गरेका छन् । जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा हुम्ला सदरमुकाममा गरिएको अनुगमन सोचे जस्तो नहुने भएपछि जिल्लाका पत्रकारहरुले अनुगमन बहिष्कार गरेका हुन् ।

बजारमा भएका होटेल, पसलहरुमा गरिने अनुगमनको जानकारी दिएर बजार अनुगमन गर्दा फितलो हुने बारम्बार देखेपछि बुधबार पनि त्यसैगरी अनुगमनको सुरुवात गरिएको थियो तर जिल्लाका पत्रकारहरु भने अनुगमनमा सहभागी भएनन् ।

बजारमा विभिन्न म्याद गुज्रेको सामान, प्यान नम्बर जस्ता विषयको अनुगमन हुँदै आएको भएपनि सधैँ फितलो अनुगमन गरिएको पत्रकारहरुको बताएका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतबाट कर्मचारी आएलगत्तै अनुगमन शुरु गरिएको थियो । खाद्य, दाना, उद्योग, होटेल, पसल, व्यवसाय लगायतमा अनुगमन गरिएको थियो । अनुगमनमा सुर्खेतबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कोलेनिका कार्यालय, सुरक्षा निकाय सहभागी थिए ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/२६ मा दर्ता भएको **प्रा.लि. नं. २३४१३० को नेपालिलमि म्यारिज व्यूरो प्रा.लि.** को मिति २०८०/०२/१० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **जेनेक्स एसोसियट प्रा.लि. (श्रम इजाजत पत्र नं. ५५४/०६२/०६३)** मा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०८० बैशाख २८ गतेबाट हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं | कर्मचारीको पद |
|---|---|---|---|
| १. | सुनिल लामा | १३८७४ | Documentation Officer |
| २. | शोभा खत्री | ०६१०१८/१३५६२० | Public Relation Officer |

GENX
Gov License No: 554/062/063
**जेनेक्स एसोसियट प्रा.लि.**
(साबिकः ए जर्नीम्यान ओभरसिज प्रा.लि)
बत्तीसपुतली-०९, काठमाडौं नेपाल । फोन नंः ०१-५९१२९९२,५५१२९९३
Email: marketing@genxassociate.com,website:www.genxassociate.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/०५ मा दर्ता कायम भएका **क्रिएटिभ ग्यालरी प्रा.लि. (प्रा.लि. नं. १७३५७७)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०२/१० गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय, इजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं मोवाईल नं. ९८४१३६९७७१**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०२/११**

**हस्पिटल डाइग्नोस्टिक सेन्टर प्रा.लि.**को मिति २०७९/१०/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **के. एम. सी. नयाँ ल्याव प्रा.लि. (प्रा.लि. नं.: २६९७४७)** कायम गर्ने गरी मिति २०७७/१०/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनीः **BRICK STONE FOR TRADING & CONTRACTING WLL**
शहरः **QATAR, DOHA**

पुर्व स्वीकृत मितिः २०८०/०२/१० | चलानी नं.: ६०२०१९५० | L.T. No.: 286550

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 16 | 0 | | 1000 | ३६,३०० | | | | | | | |
| 3. | Mason | 5 | 0 | | 1200 | ४३,५६० | | | | | | | |
| 4. | Painter | 1 | 0 | | 1200 | ४३,५६० | | | | | | | |
| 5. | Reinforce Fitter | 1 | 0 | | 1200 | ४३,५६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १८ गते (1 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**लामोदुरीको बसपार्क बसपार्कको समग्र व्यवस्थापन बहालमा दिने सम्बन्धि सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मितिः२०८०/०२/११**

यस कोहलपुर कानगरपालिकाको लामोदूरीको बसपार्क सञ्चालन गर्ने कार्यका लागि सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त बसपार्क समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर,शौचालय र पार्किङ्ग) सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजिनक खरिद नियमावली २०६४ र **कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९** बमोजिम प्रतिस्पर्धात्मक रुपमा आयको बोलपत्र पेश गर्ने सम्बन्धि सूचना ।

**तपशिल**

| क्र.सं. | विवरण | प्रति वर्ष न्यूनतम मूल्य | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय र पार्किङ्ग) | रु९६,८६,४००/- | १०,००,०००/- | बोलपत्र खरिद रु ३०००/- फिर्ता नहुने गरी |

- उल्लेखित समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर.शौचालय र पार्किङ्ग) खुला प्रतिस्पर्धात्मक रुपमा फर्म वा व्यवसायीले प्रस्ताव पेश गर्न पाउने। यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यवसायी वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने ।
- बोलपत्र अनलाईन प्रक्रिया (E–bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धि विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ ।
- धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ ।
- बोलपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरि सक्कलै भौचर बुझाउनु पर्नेछ ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समयः २०८०/०२/२६ दिउसो १२:०० बजे सम्म ।
- बोलपत्र खोलिने मिति र समयः २०८०/०२/२६ गते दिउसो १:०० बजे ।
- पेशगर्नुपर्ने कागजातहरुः फर्म वा व्यवसायका कागजातहरु (करचुक्ता, व्यवसाय दर्ता नविकरण समेत)
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचिलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय अनुसार हुनेछन ।
- उल्लेखित व्यवस्थापन प्राप्त गर्ने नियमिति सरसफाई गर्नुपर्ने र न्यूनतम भाडा रकममा शौचालयको रकम नजोडिएकोले व्यवस्थापन प्राप्त गर्नेले शौचालय प्रयोगबापत शुल्क उठाउन नपाउने ।



मध्यान्ह
www.madhyanhadaily.com
११ जेठ २०८०, बिहीबार
25 May 2023, Thursday

सम्पादकीय

# प्रधानमन्त्रीले देखाएको अरुचिको सन्देश

पोखरामा तय भएको मुख्यमन्त्रीहरूको भेला स्थगित भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको समय नभएको भन्दै शुक्रबार तय भएको भेला स्थगित भएको हो । संघीय संसदले बजेट पारित गरेपछि प्रधानमन्त्री प्रचण्डले अर्को भेला राख्ने बताइएको छ । भेला स्थगित भएकोमा मुख्यमन्त्रीहरूले असन्तुष्टि जनाएका छन् । केही प्रदेशका मुख्यमन्त्रीले प्रधानमन्त्री प्रचण्डको अनिच्छाका कारण भेला स्थगित हुनुलाई दुखद् भनेका छन् । सँगै अर्को संशय पनि उत्पन्न भएको छ, अर्को भेला नहुन पनि सक्छ । बिगतको नजीर हेर्दा पनि मुख्यमन्त्रीहरूको अर्को भेला बस्न नसक्ने आशंका स्वभाविक देखिन्छ । किनकि मुलुक संघीय संरचनामा गएपछि अहिलेसम्म एकपटक मात्रै मुख्यमन्त्रीहरूको भेला भएको छ ।

२०७५ को असोजमा पोखरामै सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेला भएको थियो । गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङको पहलकदमीमा मुख्यमन्त्रीहरूको भेला भयो । त्यो भेलाले प्रदेशलाई बलियो बनाउन संघीय सरकारमा चरम अनिच्छा रहेको निष्कर्ष निकालेको थियो । तत्काल तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मुख्यमन्त्रीहरूको भेला काठमाडौंमा बोलाए । ओलीले अन्तरपरिषद् बैठक नियमित राख्ने प्रतिबद्धता पनि जनाए । तर कहिल्यैपनि अन्तरपरिषद् बैठक बस्न सकेन । २०७४ को चुनावबाट बनेको प्रदेशसभाको कार्यकाल अन्तपरिषद् बैठक नै नबसी सकियो । अहिले फेरि पोखरामै मुख्यमन्त्रीहरूको भेला राखिएको थियो । तर बजेट पारित भएपछि मात्रै मुख्यमन्त्रीहरूको भेला राख्ने भन्दै स्थगित भएको छ । यसले त्यो भेलाकै औचित्य कमजोर बनाएको छ । किनकि यो भेला संघीय सरकारकै निम्ति दबाव सिर्जना गर्नेगरी बस्न सक्थ्यो ।

अब संघीय सरकारले बजेट ल्याइसकेपछि मुख्यमन्त्रीहरू आफै प्रदेश सरकारको बजेट निर्माणमा जुट्नुपर्नेछ । संघीय सरकारले गर्ने वित्त हस्तान्तरणको निर्णय समेत भइसक्नेछ । संघीय सरकारले बजेटबारे आवश्यक निर्णय लिइसकेपछि बस्ने अन्तपरिषद् बैठकले गर्ने निर्णय अर्को आर्थिक वर्षका लागि सुझाव मात्रै हुनेछ । यसले संघीय संरचनालाई बलियो बनाउने कार्य थप कमजोर हुने प्रष्ट छ । अर्कोतिर प्रधानमन्त्री प्रचण्डमा संघीयतालाई बलियो बनाउनुपर्छ भन्ने चाहना नरहेको पनि पुष्टि हुन्छ । किनकि राजधानी उपत्यकास्थित संरचनाको सुझावका आधारमा बजेट ल्याएपछि मात्रै प्रदेशको कुरा सुन्दा त्यसले संघीयता बलियो बनाउन सहयोग पुग्दैन । बरू अहिले चलिरहेको संघीयता विरोधी आवाजलाई सहयोग पुग्छ । राजनीतिक नेतृत्व आफै संघीयताप्रति बतिबद्ध नरहेको सन्देश जान्छ ।

# भोटो जात्रा

*सहकालका देवताका रूपमा चिनिने रातो मत्स्येन्द्रनाथको जात्रा ललितपुरको जावलाखेल, बुँगमतीबाट शुरू गर्दै ललितपुरको विभिन्न क्षेत्रमा परिक्रमा गराउँदै मत्स्येन्द्रनाथलाई जावलाखेल पुऱ्याएर त्यसको चार दिनपछि भोटो जात्रा गर्ने हाम्रो परम्पराले आज १३ सय वर्ष व्यतीत गरिसकेको छ । आषाढ शुक्ल चतुर्थी पर्यन्त चल्ने यो पर्व भोटो प्रदर्शनपछि समापन हुन्छ ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सधैं झैं यसपटक पनि ललितपुरको जावलाखेलमा भोटो जात्रा मनाइँदै छ । मत्स्येन्द्रनाथको रथमा महिलाको आरोहण गर्न नहुने परम्परामा रहेको र हाल गुठी संस्थान ललितपुरकी कार्यालय प्रमुख महिला भएकीले सस्थानकै अरु कर्मचारीबाट भोटो देखाइने खबर सार्वजनिक भएको छ । जाडो याममा मनाइने विशेष पर्व सेतो मत्स्येन्द्रनाथको जात्रा काठमाडौंमा यसअघि नै सकिएको छ भने भक्तपुरको प्रख्यात विस्केट जात्राको समापन हुन नपाउँदै गर्मी यामको पर्व ललितपुरको प्रसिद्ध र वर्षभरिकै सबैभन्दा लामो जात्रा रातो मत्स्येन्द्रनाथको रथयात्रा यही वैशाख शुक्ल प्रतिपदादेखि आरम्भ भई असार शुक्ल चौथीसम्म रहने परम्परा हो ।

मत्स्येन्द्रनाथलाई वर्षाका देवता, सहकालका देवता, कृषि, गोरक्षाका रक्षकका रूपमा पनि लिइन्छ । समयमा पानी नपर्नु, जताततै आगलागी, डँढेलोको प्रकोप, पश्चिमी वायुको कम प्रभावजस्ता कारणले काठमाडौं उपत्यकाको बस्ती असहज भएको अवस्था छ । गृष्ममा वर्षा हुँदा जीवन सहज हुन्छ नै, अनाज बाली संरक्षण पनि हुन्छ । मूल समस्या हामी कृषि प्रधान देश भन्ने, उब्जनी नगर्ने तर, धनी हुनुपर्ने, विदेश जानुपर्ने अवस्था हो । अब त जात्रा, पर्वको लागि आवश्यक रथ बनाउने काठकै समस्या भइसकेको खबर पनि छ । रथ तान्ने भक्तहरुको पनि कमी हुन थालेको छ, आर्थिक समस्या त देशैभरिको पिरलो भइहाल्यो, तमाम बजार सुस्त छ, अहिले ।

भोकमरी, खाद्यान्न संकट भइरहेको अवस्था छ अहिले, बजारमा धान्नै नसक्ने गरी मूल्यवृद्धि भएको छ । उत्पादन कम र परनिर्भरताकै कारण यसो भएको हो । यसै सन्दर्भमा सहकालका देवताका रूपमा चिनिने रातो मत्स्येन्द्रनाथको जात्रा ललितपुरको जावलाखेल, बुँगमतीबाट शुरु गर्दै लतिपुरको विभिन्न क्षेत्रमा परिक्रमा गराउँदै मत्स्येन्द्रनाथलाई जावलाखेल पुऱ्याएर त्यसको चार दिनपछि भोटो जात्रा गर्ने हाम्रो परम्पराले आज १३ सय वर्ष व्यतीत गरिसकेको छ । आषाढ शुक्ल चतुर्थी पर्यन्त चल्ने यो पर्व भोटो प्रदर्शनपछि समापन हुन्छ । नेपाललाई हिन्दु र बुद्ध धर्म दर्शनको केन्द्रस्थल मानिन्छ । हिन्दु, बुद्ध संयुक्तरूपमा मान्ने चाड पर्वहरु यहाँ धेरै छन् । दुवैका लागि परिचित काठमाडौं उपत्यकाको प्रमुख जात्रा हो भोटो जात्रा !

हाम्रो मुलुक कृषिप्रधान छ । जाडो र गर्मी दुवै समयमा जात्रा मनाई आफ्नो परम्परा कायम राख्ने हाम्रो परम्परा युगीन र आदिम पनि छ । सहकाल र वर्षाका देवता मानिने मत्स्येन्द्रनाथको रथयात्रासँग भोटोजात्रा पनि गाँसिएको छ । झण्डै २ महिनासम्म काठमाडौं र पाटनमा मनाइने मत्स्येन्द्रनाथ यात्रामध्ये सेतो मत्स्येन्द्र नाथ जात्रा जाडो मौसममा पर्छ भने पाटनमा मनाइने रातो मत्स्येन्द्रनाथयात्रा गर्मी समय वैशाख शुक्ल प्रतिपदादेखि आषाढ शुक्ल चौथीसम्म चन्द्रमासअनुसार मनाइन्छ । किसानका लागि विशेष कृपा दृष्टिमा रहने मत्स्येन्द्रनाथलाई बौद्धमार्गीले बोधिसत्व, पद्मपाणि आदि नामले पुकार गर्ने गर्छन् । हिन्दुहरुले मत्स्येन्द्रनाथलाई परम गोरखनाथका गुरुका रूपमा हेर्ने गर्छन् । भगवान् पशुपतिनाथले वर्षमा दुई पटक बुद्धको रूप लिन्छन् भन्ने विश्वास छ र महाशिवरात्रीका दिन पशुपतिनाथलाई पनि मत्स्येन्द्रनाथका रूपमा पुजिने गरिन्छ । यसले पनि पुष्टि गर्छ कि मत्स्येन्द्रनाथ सबैका सदाबहार साझा देवता हुन् ।

शताब्दीऔं अघिदेखि देखिएको साँस्कृतिक मान्यताको रूपमा स्थापित मत्स्येन्द्रनाथको जात्रा सुरु गराउने श्रेय भने लिच्छवीराजा शिवदेवलाई जान्छ । जसमा राजा नरेन्द्रदेवको नाम पनि जोडिएको छ । मत्स्येन्द्रनाथको मूल स्थल पाटनको बुङ्मती हो । "बुँद्यो" भनेर नेवारी भाषामा परिचित छ, जसअनुसार बुँद्यो भन्नाले बोलाउनासाथ आएका देवता भन्ने बुझिन्छ । प्राचीन काठमाडौं खाल्डोमा लामो समयसम्म वर्षा नहुँदा तान्त्रिक गुरु बन्धुदत्तलाई बोलाई यसको कारण खोज्दा भारतबाट मत्स्येन्द्रनाथलाई आमन्त्रण गर्ने, उनी आउँदा गोरखनाथ उठ्ने र टौदहका नौ नागहरु स्वतन्त्र भएपछि वर्षा हुने सबै योजना मिलाइएछ । तान्त्रिक बन्धुदत्तले तन्त्र विद्याबाट यसको मूल जरो पत्ता लगाएछन् कि एकपटक गुरु



*नेपाललाई हिन्दु र बुद्ध धर्म दर्शनको केन्द्रस्थल मानिन्छ । हिन्दु र बुद्ध संयुक्तरूपमा मान्ने चाडपर्वहरू यहाँ धेरै छन् । दुवैका लागि परिचित काठमाडौं उपत्यकाको प्रमुख जात्रा हो भोटो जात्रा !*

गोरखानाथले योगीको भेषमा यहाँको भ्रमण गर्दा उनलाई नचिनेकाले आतिथ्यता भएनछ । आत्म सम्मानका कारण गोरखनाथ भने वर्षाका स्रोतका रूपमा रहेका विभिन्न नौ थरि नागहरुमाथि आफ्नो मजबूद आसन बाँधी बसेपछि यहाँ वर्षा रोकिएको कुरा तान्त्रिक बन्धुदत्तले बुझेछन् ।

विभिन्न राय परामर्श भएको र गुरु गोरखनाथलाई नउठाएसम्म नागहरु थिचिनै रहने कारण जल वर्षा नहुने बुझेर गोरखनाथलाई उठाउने प्रयत्न गर्दा उनका गुरु मत्स्येन्द्रनाथले उनलाई उठाउन सक्ने कुरा पत्ता लागेछ । तान्त्रिक बन्धुदत्त, ललित नामका एक ज्यापु किसान र राजा नरेन्द्रदेव भारतको कामरु कामाक्षमा पुगी यहाँको सबै यथार्थ बताएर यहाँ आइदिन अनुरोध गर्दा मत्स्येन्द्रनाथले यो प्रस्तावलाई स्वीकार गरेछन् । नभन्दै गुरु मत्स्येन्द्रनाथ यहाँ आउनासाथ गोरखानाथले आफ्नो आसनबाट उठी गुरुको दर्शन गर्दा नागहरु स्वतन्त्र भई घनघोर रूपमा जलवर्षा हुन थालेछ । मानिसहरु उनको त्यो दिव्य कामको प्रशंसा गर्दै उनको नाममा जात्रा सुरु गर्न लागेछन् । प्रत्येक वर्ष ललितपुरको जावलाखेल बुङ्मतीबाट सुरु भई बुङ्मतीमै अन्त्य हुने यो जात्रा काठमाडौं उपत्यका मात्रै होइन मुलुककै लामो जात्रा मानिन्छ ।

मत्स्येन्द्रनाथजात्राको अत्यन्त आकर्षक पक्ष यसको अन्तिम दिन देखाइने भोटोजात्रा नै हो । उहिल्यैदेखि रत्नजडित, आकर्षक भोटो मत्स्येन्द्रनाथलाई नासोको रूपमा राख्न लगाइएको र वर्षमा एक पटक सर्वसाधारणलाई देखाइने र यो भोटो दर्शनले शरीर, मन, बचन शुद्ध हुने धार्मिक एवम् साँस्कृतिक मान्यता पनि रहेको छ । भोटोको सम्वन्धमा देखिएको किंबदन्ती यस्तो छ ।

एकपटक ललितपुरकै टौदहका नाग एक ब्राह्मणको रूप लिएर आफ्नी पत्नीको आँखा दुखेकाले उनको उपचारका लागि कुनै असल वैद्य खोज्दै बाहिर निस्केछन् । ती धेरैतिर घुम्दै भक्तपुरक्षेत्रमा पुग्दा एक ज्यापु किसान वैद्यले बाख्रीको दूधले आँखामा औषधीमूलो गर्दैरहेको देखेछन् । पक्कै यिनले आफ्नी पत्नीको औषधीमूलो गर्न सक्नेछन् भनी उनलाई अनुरोध गर्दै ती किसान वैद्यलाई टौदहमा लगेछन् । वैद्यसँग खासै कुनै औषधी त थिएन तर तन्त्र विद्या, आफ्नो जीउको मयल र पानी मिलाएर उनकी पत्नीको आँखामा हालिदिए, केही बेरपछि नै विरामीलाई आराम मिल्यो र आँखा पूरै राम्रो देखिने भयो । त्यो घटना देखेर सवै चकित भएछन् । खुसी भएका नागले के उपहार लिने भन्दा खासै केही उपहार त मागिएन र पनि उनलाई केही धन दिई पठाउँदा वैद्यले केटाकेटीहरुका लागि लगाउने कपडा जडाउरीको रूपमा मागेछन् । उनले आफूसँग भएको भोटो पनि दिएछन् ।

भक्तपुरको किसान वैद्य त्यही भोटो लगाएर खेतीपातीको काम गर्ने र घर फर्कँदा खर्पनमा राखी घरमा ल्याउने गर्थे । एकदिन एक राक्षसले मानिसको रूप लिएर खेतको आलीमा राखेको भोटो चोरी गरेछ, उसलाई लखेट्दा ऊ अदृश्य भएको र किसानलाई भने धेरै खिन्नता भएछ । किसान ललितपुरको मत्स्येन्द्रनाथको जात्रा हेर्न जाँदा एक राक्षसले मान्छेको रूपमा आफ्नो भोटो लगाएर आएको देख्दा किसान वैद्य तीन छक परेछन् । हत्तपत्त त्यो राक्षसलाई उनले समातेछन् । आपसमा भनाभन पनि भएछ । विवाद र समस्याको कारण त्यो मुद्दा राजासामु पुगेछ र राजाले आफ्नो सबुद लिइ आउने, प्रमाण ल्याउन नसकेसम्म भनौं सबुद नल्याएसम्म त्यो भोटो गुरु मत्स्येन्द्रनाथको जिम्मा रहने निर्णय पनि सुनाएछन् । दुवै सप्रमाण उपस्थित हुन नसक्दा आजसम्म पनि त्यो भोटो गुरुकै पासमा रहेको, सुरक्षित रहेको आम जनतालाई देखाउन, भोटोजात्रा चलाउने चलन कायमै रहेको देखिन्छ ।

